# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०३।०२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८१।०३।०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | राम कुमार श्रेष्ठ, सरस्वती श्रेष्ठ र सरोज श्रेष्ठ (विशेष अदालतको मुद्दा नं. ०७८-CR-००५५ र फैसला मिति २०८०/०६/०८) | गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट प्रतिवादी राम कुमार श्रेष्ठले सार्वजनिक सेवामा प्रवेश गरेको मिति २०२६/१२/१८ गतेदेखि मिति २०७२/०९/०८ गतेसम्मको जाँच अवधिमा आर्जन गरेको वैध आय **रु. ६,९०,१६,६२७।४०छ करोड नब्बे लाख सोह हजार छ सय सत्ताइस र पैसा चालिस मात्र)** को तुलनामा सोही अवधिमा निजले **रु. ११,३५,४४,२९४।३८** खर्च तथा लगानी (व्यय) गरेको देखिँदा निजको आय भन्दा बढी खर्च तथा लगानी गरेको रकम **रु. ४,४५,२७,६६६।९८ (अक्षेरेपि चार करोड पैंतालिस लाख सत्ताइस हजार छ सय छयसाठ्ठी र पैसा अन्ठानब्बे मात्र)** बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा प्रतिवादी राम कुमार श्रेष्ठले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको | **फैसलाः** आंशिक वादी दावी पुग्ने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**आयतर्फः**<br>**(क) जग्गा बिक्रीबाट प्राप्त रकमः**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जम्मा रु. २,३४,८९,५५०।– गणना गरिएकोमा प्रतिवादी राम कुमार श्रेष्ठले निजको जग्गा बिक्रीबाट रु. २,५१,२४,३००।– थप गणना हुनुपर्ने जिकिर गरेको देखिन्छ। यस सम्बन्धमा, आरोपपत्रको पृ. १२, १३ र १४ मा प्रतिवादीले बिक्री गरेको घर र जग्गाहरुको विवरणमा प्रतिवादीले यस शीर्षकमा रु. ४,५४,६९,२५०।– आय गरेको देखिएकोमा प्रतिवादीले केही कित्ता नं. का जग्गाहरु खरिद गर्दा नै आय स्रोत नपुगेकोले बिक्री गर्दा प्राप्त रकम आय स्रोतले नखामेको हदसम्म गणना नगरेको भन्ने देखिएको। प्रतिवादीको आय समग्रमा गणना गरिनुपर्ने भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा प्रतिवादीको सो आय घटाएको हदसम्म वादीले गरेको गणना त्रुटिपूर्ण देखिएकोले आरोपपत्रमा उल्लिखित विवरणको आय रु. ४,८५,६९,२५०।– नै कायम गरी गणना गर्नुपर्ने देखिएको।<br>▪ यसैगरी, प्रतिवादीका एकासगोलका पिता टेकबहादुर श्रेष्ठको नाममा रहेका कि.नं. ३०२, ३१०, ३११, ३१२ र ३१३ का जग्गाहरु रु. ४४,६००।– मा बिक्री भएको मिसिल संलग्न राजिनामाका लिखतहरुबाट देखिँदा सो आय पनि प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखिएको।<br>▪ यसरी, प्रतिवादी राम कुमार श्रेष्ठको यस शीर्षकमा जम्मा रु. ४,८६,१३,८५०।–हुने देखिएको।<br>**(ख) प्रतिवादी राम कुमार श्रेष्ठ समेतले बीमा प्रिमियम वापत प्राप्त फिर्ता रकमः**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जम्मा रु. | **प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट देहाय बमोजिम आय शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेकोः**<br>**(क) आयतर्फः**<br>**(अ) जग्गा बिक्रीबाट प्राप्त रकमः**<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी राम कुमार श्रेष्ठको सम्पत्तिको जाँच अवधि आय र व्ययको आधारमा आय व्यय कायम गरिएका विषयहरुको अवधिगत तालिका तयार गर्ने क्रममा निज प्रतिवादीको आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएकोमा र निजले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेकोमा सोही बिन्दुसम्म एक जाँच अवधि कायम गरी आय व्यय कायम गरिएका विषयहरुको अवधिगत तालिका विभिन्न १९ खण्डमा वर्गीकरण गरी १९ वटा जाँच अवधि कायम गरिएको हो[1] र उक्त जाँच अवधिको अन्य कुनै मापदण्ड रहेको अवस्था छैन। यसरी, आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको र त्यस्तो बढी हुन गएको रकमको स्रोत पुष्टि हुन नसकेको अवस्थामा जाँच अवधि कायम हुने हो। प्रस्तुत मुद्दामा आरोपपत्रको पृष्ठ ६१ देखि पृष्ठ ११६ सम्म १९ वटा खण्डमा वर्गीकरण गरी १९ वटा जाँच अवधि कायम गरी प्रतिवादी राम कुमार श्रेष्ठको वैद्य आय तथा आर्जन, व्यय/खर्च तथा लगानी र वैद्य आय बचत सम्बन्धमा विश्लेषण र मूल्याङ्कन गरी निज प्रतिवादीको सम्पत्तिको वैधता परीक्षण तथा अनुसन्धान गरी आय र व्ययको तुलनात्मक विवरण सहित स्पष्ट र किटानी मागदावी लिई निज प्रतिवादीको आय व्यय कायम गरिएका विषयहरुको अवधिगत तालिका उल्लेख भएको आरोपपत्र पेश भएको।<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी राम कुमार श्रेष्ठको आय व्ययको मूल्याङ्कन गर्ने क्रममा निज प्रतिवादीले जग्गा खरिद गर्दाका बखत नै आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषय सोही बखत हेरिने तथा मूल्याङ्कन गरिने विषय भएको। अघिल्लो अवधिमा आर्जन गरेको गैरकानुनी सम्पत्तिलाई पछिल्लो अवधिमा आर्जित वैद्य सम्पत्तिले परिपूरण गर्न सकिने तर्क आफैमा तार्किक र कानुन संगत देखिँदैन। सम्मानित विशेष अदालतबाट लिइएको आधार बमोजिम यो विषयमा प्रतिवादीको आय र व्ययको समग्रतामा हेर्ने हो भने जग्गा खरिद गर्दाका बखतको आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषयले परीक्षणको क्रममा स्थान नै नपाउने हुँदा यो विषयको औचित्य नै समाप्त भई गैरकानुनी रुपमा बढेबढाएको सम्पत्तिले वैद्यता पाउने र White Collar Crime को रुपमा परिभाषित गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को मकसद विपरीत हुन जाने देखिएको।<br>▪ यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट "...जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेको खर्च कानूनी रुपमा भएको आयबाट स्रोत पुष्टि गर्न सक्नुपर्दछ। ...श्रोत पुष्टि नभएको |

[1] गैरकानूनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ को दफा ९(३)(ट)(ठ)

कसूर गरेको पुष्टि भएकोले **बिगो रु. ४,४५,२७,६६६।९८ (अक्षेरेपि चार करोड पैंतालिस लाख सत्ताइस हजार छ सय छयसाठी र पैसा अन्ठानब्बे मात्र)** कायम गरी निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा ३, दफा २९(२) र दफा १६ग र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका र निज प्रतिवादी नेपाल सरकारको पूर्व सचिव एवम् पूर्व मन्त्री समेत भई सार्वजनिक पदको जिम्मेवारीमा रहेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम सजाय हुनका साथै निज राम कुमार श्रेष्ठले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको **रु. ४,४५,२७,६६६।९८ (अक्षेरेपि चार करोड पैंतालिस लाख सत्ताइस हजार छ सय छयसाठी र पैसा अन्ठानब्बे मात्र)** बराबरको चल अचल सम्पत्ति र **अपुग बिगो रु. ३,७६,७६,७१३।०४** समेत

८,२२,३४८।२२ कायम गरिएकोमा प्रतिवादीले निजको सो आय रु. ११,६६,९१५।– रहेकोमा आयोगले रु. ३,४४,५६६।७८ कम गणना गरेको भनी जिकिर लिएको।

- यस सम्बन्धमा, आयोगले बीमा प्रिमियम वापत प्राप्त फिर्ता रकम गणना गर्दा बीमा प्रिमियम भुक्तानी गर्दाको अवधिमा आय स्रोतको नखामेको प्रतिशतको हदसम्म सो आय घटाई गणना गरेको भन्ने आरोपपत्रको आय-व्यय प्रवाह तालिकाको क्र.सं. ११७, १५७, १७१, १७९, १८४, २३४, २४६, २७६, ३४२, ३७०, ४१४, ४४४ र ४४५ मा भएको विवरणबाट नै देखिन्छ। प्रतिवादीको आय-व्यय समग्रतामा नै गणना गरिनुपर्ने भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा वादीले सो हदसम्म गरेको गणना मिलेको नदेखिएकोले आय-व्ययको उल्लिखित क्र.सं. मा रहेको प्रतिवादीको आय समग्रतामा गणना गर्दा जम्मा रु. ११,१६,९१५।–हुने देखिएको।

**(ग) प्रतिवादी राम कुमार श्रेष्ठ समेतले बैंकहरुबाट प्राप्त ब्याज वापतको रकम:**

यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जम्मा रु. २८,३०,१७७।–कायम गरिएकोमा प्रतिवादीले निजको सो आय जम्मा रु. ४१,५७,६२७।– रहेकोले वादीले रु. १३,२७,४५०।– कम गणना गरेको भनी जिकिर लिएको देखिएको। यस सम्बन्धमा, आयोगले प्रतिवादीको आय स्रोतले नखामेको भन्ने आधारमा सो आय गणना नगरेको भन्ने देखिएको। प्रतिवादीको आय-व्यय समग्रतामा गणना गरिनुपर्ने सिद्धान्त समेतका आधारमा वादीको सो हदसम्मको गणना मिलेको नदेखिँदा वादीले कम गणना गरेको रु. २,९५,५२०।– थप गरी गणना गर्दा प्रतिवादीको यस शीर्षकमा जम्मा रु. ३१,२५,६९७।– कायम हुने

सम्पत्तिबाट बढे बढाएको सम्पत्ति स्वतः जफत हुने व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २९ख ले गरेको..."2 भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि सोही व्यक्तिको आम्दानीको स्रोत बन्न सक्ने नै हुन्छ, तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्नैं पर्ने हुन्छ3 भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यस्तै, सम्मानित सर्वोच्च अदालतबाट जाँच अवधिमा खरिद गरिएको जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा मान्यता दिइन्छ भने उक्त जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्छ तथा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भएमा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः वैध आर्जन हुने र आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेमा त्यस्तो सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः अवैध हुने4 भनी सिद्धान्त प्रतिपादन भएको। यसरी, खरिद वा लगानी गरिएको सम्पत्तिबाट आर्जन गरेको तथा बढेबढाएको आय दावी गर्ने व्यक्तिले मूलधन अर्थात खरिद वा लगानी गरिएको सम्पत्तिमा भए गरेको शुरु लगानीको स्रोत पुष्टि गर्नुपर्ने हुन्छ।

- प्रस्तुत मुद्दामा निम्न बमोजिमका जग्गाहरुको शुरु खरिद मूलधनको स्रोत पूर्ण तथा आंशिक रुपमा खुल्न आएकोले आयोगबाट उल्लिखित जग्गाहरु बिक्रीबाट प्राप्त जम्मा रु. २,३४,८९,५५०।– प्रतिवादी राम कुमार श्रेष्ठको वैध आयमा गणना गरिएको देखिएको:

| **क्र.सं.** | **जग्गा धनी** | **जग्गाको विवरण** | | | | | **र.नं. र बिक्री मिति** | **जग्गा खरिदकर्ता** | **बिक्री मूल्य (रु.)** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **जिल्ला** | **गा.वि.स./ गा.पा./ न.पा.** | **वडा नं.** | **कित्ता नं.** | **क्षेत्रफल** | | | |
| १ | कृष्ण कुमारी श्रेष्ठ | गोरखा | आरुचनौट | १ | २०६ | ०-१-१-० | १०६०३, २०५७/०३/२० | पञ्चरत्न बज्राचार्य | ५,००० |
| २ | राम कुमार श्रेष्ठ | काठमाडौं | धापासी | ८ख | ५८६ | ०-४-०-० | २०६३/१०/१७ | - | १,४७,३०० |
| ३ | सरस्वती श्रेष्ठ | काठमाडौं | काभ्रेस्थली | ५ख | १४ | ०-१५-०-० | २६०७, २०६५/०५/०३ | गोविन लामा | ७,५०,००० |
| ४ | सरस्वती श्रेष्ठ | काठमाडौं | का.म.न.पा. | १६ | २३०, ३१० | ०-०-२-०, २५.८५ | १०७०१ घ, २०६५/११/०८ | ईश्वरी देवी गौली | ३,००,००० |

---

[2] *युवराज शर्मा वि. नेपाल सरकार,* मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, मुद्दा नं. ०७१-NF-००२१, फैसला मितिः २०७९/०३/२८, सर्वोच्च अदालत, पूर्ण इजलास, पृष्ठ १०१ (https://supremecourt.gov.np/court/public/media/2024_05/f2721646359d660f06666bb90ef6d300.pdf, accessed on June 14, 2024)

[3] *नेपाल सरकार वि. बद्रीनाथ श्रेष्ठ,* मुद्दाः भ्रष्टाचार (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४४९)

[4] *नेपाल सरकार वि. खुमबहादुर खड्का समेत,* मुद्दाः भ्रष्टाचार (ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३२)

साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा दफा २९(१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असुल उपर हुन मागदावी लिइएको देखिन्छ।

साथै, प्रतिवादी राम कुमार श्रेष्ठले गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी निजको श्रीमती सरस्वती श्रेष्ठ र छोरा सरोज श्रेष्ठको नाममा राखेको देखिँदा खरिद तथा लगानी गरिएको चलअचल सम्पत्तिहरुको स्रोत नखुलेको बराबरको भाग साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र प्रतिवादी राम कुमार श्रेष्ठको श्रीमती सरस्वती श्रेष्ठ र छोरा सरोज श्रेष्ठ समेतलाई प्रतिवादी कायम गरी स्रोत नखुलेको सम्पत्ति जफत गरी पाउन मागदावी लिइएको।

देखिएको।

**(घ) सवारी साधन बिक्रीबाट प्राप्त रकमः**

यस शीर्षकमा आयोगबाट बा. ३ च ५२९३ नम्बरको सवारी साधन (कार) रु. ४,००,०००।– मा बिक्री गरेको भए तापनि उक्त सवारी साधन खरिद गर्दा ४०.२२% स्रोत मात्र खुलेको भनी सोही अनुसार रु. १,६०,८८०।– गणना गरिएको। यस सम्बन्धमा, प्रतिवादिको आय-व्यय समग्रतामा गणना गरिने सर्वोच्च अदालतबाट प्रतिपादित नजिरसमेतका आधारमा वादीले कम गणना गरेको हदसम्म मिलेको नदेखिँदा लिखतको बिक्री मूल्य अनुसार प्रतिवादीको सो आय रु. ४,२०,०००।–कायम हुने देखिएको।

**(ङ) सापटी रकम फिर्ता (छोरी रश्मी श्रेष्ठ र ज्वाइँ संजय श्रेष्ठ):**

यस शीर्षकमा आयोगबाट प्रतिवादीले विभिन्न मितिमा छोरी र ज्वाईलाई सापटी दिँदाको अवस्थामा स्रोत नपुगेको हकमा स्रोत नपुगेको हदसम्म रकम घटाई बाँकी रकम जम्मा रु. १,८३,३९,७२९।–प्रतिवादीको आयमा कायम गरिएको। यस सम्बन्धमा, प्रतिवादीको आय-व्यय समग्रतामा गणना गरिनुपर्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रतिवादीको सो आय आरोपपत्रको पृ. ३१-३२ मा राखिएको सूची बमोजिम नै रु. २,०७,६८,९७९।–कायम हुने देखिएको।

(च) प्रतिवादी राम कुमार श्रेष्ठको जाँच अवधिको आय सम्बन्धमा आयोगबाट **प्रतिवादी राम कुमार श्रेष्ठको पेन्सन वापत प्राप्त रकम** रु. ११,३३,३७८।८०; **प्रतिवादी राम कुमार श्रेष्ठले कर्मचारी सञ्चय कोषबाट प्राप्त रकम** रु. ८,०४,४३०।६३; **प्रतिवादी राम कुमार श्रेष्ठले नागरिक लगानी कोषबाट प्राप्त रकम** रु. २,४०,९३९।३२; **प्रतिवादी राम कुमार श्रेष्ठले नागरिक लगानी कोषको बीमा फिर्ता वापतको रकम** रु. २५,०००।–; **प्रतिवादी राम कुमार श्रेष्ठ अवकाश हुँदा प्राप्त भुक्तानी रकम** रु. ५,८१,४९०।–; **प्रतिवादी राम कुमार श्रेष्ठ मन्त्री हुँदा प्राप्त गरेको तलब भत्ता** रु. २,८९,११०।५० र **प्रतिवादी राम कुमार श्रेष्ठले प्राप्त गरेको भत्ता वापतको रकम**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | व.मि. | | | |
| ५ | सरस्वती श्रेष्ठ | काठमाडौं | का.म.न.पा. | १६ | ३०८ | ४७.७० व.मि. | १०७०० ख, २०६५/ ११/०८ | रामकृष्ण ओलिया | ३,००,००० |
| ६ | सरस्वती श्रेष्ठ | काठमाडौं | का.म.न.पा. | १६ | ३०९ | १२७.२० व.मि. | १०६९९ ख, २०६५/ ११/०८ | गोमा धिताल | १०,००,००० |
| ७ | सरस्वती श्रेष्ठ | काठमाडौं | विष्णु | ३ख | २१७ | ०-१२-०-० | १८३१, २०६९/ ०७/०२ | कपिल भण्डारी | ५०,८७,२५० |
| ८ | सरस्वती श्रेष्ठ | काठमाडौं | धर्मस्थली | ७ख | १०२ | १-१०-०-० | २८७०, २०७१/ ११/१० | गीता तिमिल्सिना | १,५०,००,००० |
| ९ | सरस्वती श्रेष्ठ | काठमाडौं | स्यूचाटार | ८ख | ५९९, ६०१ | ०-३-०-२, ०-०-१-३ | ३५८, २०७२/ ०५/२७ | डम्बर श्रेष्ठ | ९,००,००० |
| | | | | | | | | **जम्मा** | **२,३४,८९,५५०** |

- प्रतिवादी राम कुमार श्रेष्ठले माथि तालिकामा उल्लिखित जग्गाहरु बिक्रीबाट प्राप्त गरेको वैद्य आय जम्मा रु. २,३४,८९,५५०।– मात्र कायम हुनुपर्नेमा सो बमोजिम कायम नगरी माथि उल्लिखित सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत सम्मानित विशेष अदालतबाट प्रतिवादीको आय समग्रमा गणना गरिनुपर्ने भनी आरोपपत्रको पृष्ठ १२, १३ र १४ को "१.४.३ बिक्रि गरेको घर र जग्गाको विवरण" को आय रु. ४,८५,६९,२५०।— आयमा कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।
- मिसिल संलग्न राजिनामाका लिखतहरुबाट प्रतिवादीका एकासगोलका पिता टेकबहादुर श्रेष्ठको नाममा रहेका कि.नं. ३०२, ३१०, ३११, ३१२ र ३१३ का जग्गाहरु रु. ४४,६००।– मा बिक्री भएको देखिई सो आय पनि प्रतिवादीको आयमा गणना गरी भएको फैसला सो हदसम्म मनासिब देखिएको। यसरी, यस शीर्षकमा प्रतिवादी राम कुमार श्रेष्ठको कूल वैध आय रु. २,३५,३४,१५०।– कायम हुने देखिएको।
- प्रतिवादी राम कुमार श्रेष्ठ समेतले बीमा प्रिमियम वापत प्राप्त फिर्ता रकमः
- यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा विभिन्न बीमा कम्पनीहरुबाट बीमा अवधि पुरा भई रकम फिर्ता तथा Survival Benefit वापत प्राप्त गरेको रकमको हकमा आयोगबाट प्रतिवादीले प्रिमियम वापतको रकम तिर्दाको बखत स्रोत नपुगेको रकम घटाई बाँकी हुन आउने रकमलाई प्रतिशतको आधारमा जम्मा रु. ८,२२,३४८।२२ प्रतिवादीको आयमा गणना गरिएको।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रु. २,७३,१५५।– कायम गरिएकोमा प्रतिवादीले विवाद नगरेकाले वादी दावी बमोजिमको आय कायम हुने देखिएको।<br>(छ) प्रतिवादी राम कुमार श्रेष्ठको अन्यथा जिकिर रहेकोमा आयोगको दावी बमोजिम नै **प्रतिवादी राम कुमार श्रेष्ठको पारिश्रमिक (तलब) (७०%)** रु. १३,७५,४३८।४०; **प्रतिवादी राम कुमार श्रेष्ठले रेमिट्यान्स मार्फत प्राप्त गरेको रकम** रु. १,६२,०७,७५०।– र **प्रतिवादी राम कुमार श्रेष्ठ समेतले शेयर लाभांश वापत प्राप्त गरेको रकम** रु. १७,८७,५१७।०४ प्रतिवादीको आयमा कायम हुने गरी सम्मानित विशेष अदालतबाट फैसला भएको देखिएको।<br>(ज) **आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका आयका निम्न थप शीर्षकहरुको सम्बन्धमाः**<br>**(अ) कृषि आयः**<br>▪ प्रतिवादी राम कुमार श्रेष्ठको एकासगोलको खेतियोग्य ३५ रोपनी जग्गा रहेको स्वीकार गरेको अवस्थामा सोको आय शून्य गरेको वादी दावी नमिलेको। यस सम्बन्धमा, सर्वोच्च अदालतबाट प्रतिपादित मापदण्डसमेतका (नेपाल सरकार वि. रामाज्ञा चतुर्वेदी समेत, ने.का.प. २०६८, अङ्क ६ नि.नं. ८६३०, पृष्ठ ९१७) आधारमा प्रतिवादीको ३५ रोपनी जग्गाको जाँच अवधि वि.सं. २०२६ सालदेखि २०४५ सालसम्म प्रति वर्ष बालीको आय रु. ४३,०००।– र हिउँदे बालीको आय रु. २३,०००।– समेत गरी वार्षिक आम्दानी रु. ६६,०००।– हुने देखिँदा २० वर्षको कूल आय रु. १३,२०,०००।– गणना गरिदिएको।<br>▪ त्यसैगरी, वि.सं. २०४५ सालदेखि २०५० सालसम्म जग्गा अँधियामा दिएको देखिँदा प्रति वर्ष आय रु. ३३,०००।– का दरले ५ वर्षको आय रु. १,६५,०००।– हुने गरी गणना गरिदिएको।<br>▪ त्यस्तै, वि.सं. २०५० सालदेखि जाँच अवधिसम्मको वार्षिक आय वर्षे बालीको रु. ५४,०००।– र हिउँदे बालीको रु. २७,०००।– गरी वार्षिक आय रु. ८१,०००।– गणना गर्दा अँधियामा दिएको देखिँदा | ▪ सम्मानित विशेष अदालतबाट प्रतिवादीको आय-व्यय समग्रतामा नै गणना गरिनुपर्ने भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा वादीले प्रतिवादीले प्रिमियम वापतको रकम तिर्दाको बखत स्रोत नपुगेको रकम घटाई बाँकी हुन आउने रकमलाई प्रतिशतको आधारमा गणना गरेको मिलेको नदेखिएको भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत यस शीर्षकमा रु. ११,१६,९१५।– कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(आ) प्रतिवादी राम कुमार श्रेष्ठ समेतले बैंकहरुबाट प्राप्त ब्याज वापतको रकमः**<br>▪ यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा विभिन्न आ.व. मा प्रतिवादी राम कुमार श्रेष्ठ र निजको परिवारको सदस्यको नाममा बैंक तथा वित्तीय संस्थाहरुमा रहेको खाताहरुको मौज्दात रकमको ब्याज वापत प्राप्त गरेको रकमको स्रोत नखुलेको अवस्था देखिएको हुँदा आयोगबाट यस शीर्षकमा जम्मा रु. २८,३०,१७७।– प्रतिवादीको आयमा कायम गरिएको देखिन्छ।<br>▪ सम्मानित विशेष अदालतबाट प्रतिवादीको आय-व्यय समग्रतामा नै गणना गरिनुपर्ने भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा वादीले बैंक तथा वित्तीय संस्थाहरुमा रहेको खाताहरुको मौज्दात रकमको ब्याज वापत प्राप्त गरेको रकमको स्रोत नखुलेको अवस्था देखिई सोही बमोजिम कम गणना गरेको मिलेको नदेखिएको भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत यस शीर्षकमा रु. ३१,२५,६९७।– कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(इ) सवारी साधन बिक्रीबाट प्राप्त रकमः**<br>▪ यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा आ.व. २०६९/०७० मा बा. ३ च ५२९३ नम्बरको कार रु. ४,००,०००।– बिक्री भएता पनि उक्त सवारी साधन खरिद गर्दा ४०.२२% मात्र स्रोत खुलेको देखिँदा सोही अनुसार गणना गरी रु. १,६०,८८०।– प्रतिवादीको आयमा कायम गरिएको देखिन्छ। त्यसैगरी, आ.व. २०७१/०७२ मा बा. १ प ९७८० नम्बरको मोटरसाइकल बिक्रीबाट प्रतिवादीले प्राप्त गरेको रकम रु. २०,०००।– प्रतिवादीको आयमा गणना गरिएको देखिन्छ। यसरी, आयोगबाट यस शीर्षकमा जम्मा रु. १,८०,८८०।– प्रतिवादीको आयमा गणना गरिएको।<br>▪ सम्मानित विशेष अदालतबाट प्रतिवादीको आय-व्यय समग्रतामा गणना गरिने सर्वोच्च अदालतबाट प्रतिपादित नजिरसमेतका आधारमा वादीले बा. ३ च ५२९३ नम्बरको कारको हकमा कम गणना गरेको हदसम्म मिलेको नदेखिएको भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत यस शीर्षकमा जम्मा रु. ४,२०,०००।– कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(ई) सापटी रकम फिर्ता (छोरी रश्मी श्रेष्ठ र ज्वाइँ संजय श्रेष्ठ):**<br>▪ यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा प्रतिवादी राम कुमार श्रेष्ठका छोरी रश्मी श्रेष्ठ र छोरी ज्वाइँ संजय श्रेष्ठले निज प्रतिवादीलाई सापटी फिर्ता गरेको रकमको सम्बन्धमा प्रतिवादीहरु राम कुमार श्रेष्ठ र सरस्वती श्रेष्ठसमेतले सापटी रकम दिँदाको अवस्थामा स्रोत पुगेको हकमा पुरै रकमलाई आयमा गणना गरिएको र स्रोत नपुगेको हकमा स्रोत नपुगेको रकम बराबरको रकम घटाएर बाँकी हुन आउने रकमलाई मात्र गणना गरी आयोगबाट यस शीर्षकमा जम्मा |

प्रति वर्ष रु. ४०,५००।– का दरले मानो छुट्टिएको मिति २०५८ सालसम्मको ८ वर्षको आय रु. ३,२४,०००।– हुने देखिएको।

- त्यस्तै, मानो छुट्टिएपछि प्रतिवादीसँग आमासमेत अंशियार रहेकोले ५ भागको २ भाग गर्दा प्रति वर्ष रु. १६,२००।– का दरले वि.सं. २०६८ सालसम्मको आय रु. १,६२,०००।– हुने देखिएको।
- यसरी, प्रतिवादीको यस शीर्षकमा कूल जम्मा रु. १९,७१,०००।– गणना हुने देखिएको।

**(आ) घर बहाल आयः**

- प्रतिवादी राम कुमार श्रेष्ठले जिल्ला गोरखा, आरुचनौट गा.वि.स. को कि.नं. २२४ को जग्गामा रहेको घरको बहाल संझौता पेस भएको देखिँदा बहाल लागेको पुष्टि भई सोको प्रति वर्ष रु. ५४,०००।–को दरले सम्झौता बमोजिम ३ वर्षको बहाल आय रु. १,६२,०००।– गणना हुनुपर्ने देखिएको।
- त्यसैगरी, प्रतिवादीको जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २६, कि.नं. ७४ मा मिति २०४४/०४५ मा दोस्रो तल्ला निर्माण भएपछि भुइँ तल्ला बहालमा दिएको प्रतिवादीको जिकिर यथार्थपरक देखिँदा प्रतिवादीको जिकिर बमोजिम वि.सं. २०४५ सालदेखि २०५० सालसम्मको आय रु. ७२,०००।– गणना हुने देखिएको।
- यसरी, प्रतिवादीको घर बहाल आय जम्मा रु. २,३४,०००।– कायम हुने देखिएको।

**(इ) ट्यूशन वापतको आयः**

प्रतिवादी राम कुमार श्रेष्ठ अंग्रेजी भाषाको माध्यमिक शिक्षक रहेको र अंग्रेजी भाषाको ट्यूशनको मागसमेत हेर्दा प्रतिवादी शिक्षण पेशामा रहेको अवधि वि.सं. २०२६ देखि २०३५ सम्म तत्कालीन आयसमेतका आधारमा रु. ५६,०००।–को एक चौथाईले हुने रु. १४,०००।– यस शीर्षकमा प्रतिवादीको आयमा गणना गरिदिएको।

**(ई) दान दक्षिणा वापतको रकमः**

प्रतिवादीले सरस्वती श्रेष्ठसँग विवाह हुँदा टिकाटालो गोड्धुवामा रु. १,२५,०००।– प्राप्त गरेको जिकिर

रु. १,८३,३९,७२९।–प्रतिवादीको आयमा गणना गरिएको।

- सम्मानित विशेष अदालतबाट प्रतिवादीको आय-व्यय समग्रतामा गणना गरिनुपर्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रतिवादीको सो आय आरोपपत्रको पृष्ठ ३१-३२ मा राखिएको सूची बमोजिम नै रु. २,०७,६८,९७९।– कायम हुने देखिएको भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ५(क)(अ) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत यस शीर्षकमा जम्मा रु. २,०७,६८,९७९।–प्रतिवादीको आयमा गणना हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।

(उ) आयोगबाट **प्रतिवादी राम कुमार श्रेष्ठले विदेश भ्रमणबाट प्राप्त गरेको भत्ता (७०%)** रु. ६,३५,७३३।४९ प्रतिवादीको आयमा कायम गरिएकोमा सम्मानित विशेष अदालतबाट उक्त आय शीर्षकमा रु. ७,४७,३६०।– प्रतिवादीको आयमा कायम गरी भएको फैसला उपर पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको।

(ऊ) आयोगबाट गणना नगरिएका तर प्रतिवादीले जिकिर लिएका आयका थप शीर्षकहरु अन्तर्गत **कृषि आय** रु. १९,७१,०००।–; **घर बहाल आय** रु. २,३४,०००।–; **ट्यूशन वापतको आय** रु. १४,०००।– र **दान दक्षिणा वापतको रकम** रु. १,००,०००।– प्रतिवादीको आयमा कायम गरिएकोमा पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको।

**(ख)** व्यय तर्फ आयोगबाट **मूल्याङ्कन प्रतिवेदन बमोजिमको घर निर्माण खर्च** रु. १६,७७,५३०।–; **सापटी दिएको (छोरी रश्मी श्रेष्ठ र जवाइँ संजय श्रेष्ठ)** रु. २,१८,२३,६२५।–; **अन्य व्यक्तिहरुलाई सापटी दिएको रकम** रु. १,६९,३०,०००।–र **सुन चाँदी खरिद खर्च** रु. ८,२६,०००।–प्रतिवादीको व्ययमा कायम गरी भएको फैसला उपर पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको।

प्रस्तुत मुद्दामा आयोगबाट **रु. ४,४५,२७,६६६।९८ (अक्षरेपि चार करोड पैंतालिस लाख सत्ताइस हजार छ सय छयसाठ्ठी र पैसा अन्ठानब्बे मात्र)** बिगो कायम गरिएकोमा माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगको मागदावी तथा जिकिर, प्रतिवादीको जिकिर र सम्मानित विशेष अदालतको मूल्याङ्कन समेतका आधारमा प्रतिवादीले जम्मा **रु. ३,८१,६७,६९४।४२ (अक्षरेपि तीन करोड एकासी लाख सडसाठ्ठीहजार छ सय चौरानब्बे र पैसा बयालीस मात्र)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको।

अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगले कायम गरेको प्रतिवादी राम कुमार श्रेष्ठको जाँच अवधिको व्यय जम्मा **रु. १०,९६,५९,५४८।३३ (अक्षरेपि दश करोड छयानब्बे लाख उनान्साठ्ठी हजार पाँच सय अड्चालिस र पैसा तेत्तिस मात्र)** र जाँच अवधिको वैधानिक आय **रु. ७,१४,९१,८५३।९१ (अक्षरेपि सात करोड चौध लाख एकानब्बे हजार आठ सय तिरपन्न र पैसा एकानब्बे मात्र)** देखिएकोले निज प्रतिवादीले **रु. ३,८१,६७,६९४।४२ (अक्षरेपि तीन करोड एकासी लाख सडसाठ्ठीहजार छ सय चौरानब्बे र पैसा बयालीस मात्र)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको देखिन्छ। सम्मानित विशेष अदालतबाट आंशिक वादी दावी पुग्ने ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकोले उक्त त्रुटिपूर्ण फैसला बदर गरी प्रस्तुत पुनरावेदन जिकिर बमोजिम प्रतिवादी राम कुमार श्रेष्ठले गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी अर्का प्रतिवादीहरु सरस्वती श्रेष्ठ र सरोज श्रेष्ठको नाममा उक्त गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति राखी भ्रष्टाचार गरेको ठहर गरी आयोगको मागदावी

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरेकोमा सामाजिक परम्परा, प्रतिवादीको आर्थिक तथा सामाजिक हैसियतसमेतका आधारमा न्यायिक अनुमान गरी यस शीर्षकमा रु. १,००,०००।– गणना हुने देखिएको।<br>**व्ययतर्फः**<br>**(क)मूल्याङ्कन प्रतिवेदन बमोजिमको घर निर्माण खर्चः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. १७,९४,२७६।०५ कायम गरिएकोमा प्रतिवादीले निजको वास्तविक खर्च रु. ६,०९,६६६।– मात्र रहेकोले आयोगले रु. ११,८४,६१०।०५ अधिक गणना गरेको भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवेदन अनुसार घरको संरचनातर्फ जम्मा रु. ५,८३,७३०।– रहेकोमा सोको ठेक्का कर र ओभरहेड खर्च समेत २०% ले हुने रु. १,१६,७४६।– घटाउँदा संरचनातर्फको मूल्य जम्मा रु. ४,६६,९८४।– हुने देखिई घरको इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स सामानहरुको मूल्य अन्यथा रहेको नदेखिँदा प्रतिवादीको यस शीर्षकमा रु. १६,७७,५३०।– कायम हुने देखिएको।<br>**(ख) सापटी दिएको (छोरी रश्मी श्रेष्ठ र ज्वाइँ संजय श्रेष्ठ):**<br>▪यस शीर्षकमा आयोगबाट जम्मा रु. २,४२,३३,६२५।– प्रतिवादीको व्ययमा कायम गरिएकोमा प्रतिवादीले वास्तविक व्यय जम्मा रु. २,०९,२३,६२५।– रहेको भनी जिकिर गरेको देखिन्छ। यस सम्बन्धमा, आय-व्यय प्रवाह तालिकाको क्र.सं. ४०३ मा छोरी रश्मी श्रेष्ठलाई दिएको रु. ४,५०,०००।– तालिकाको क्र.सं. ४१० मा पुनः रु. ४,५०,०००।– गणना गरेको देखिँदा दोहोरो गणना हुन गएको **रु. ४,५०,०००।–** घटाइएको।<br>▪त्यसैगरी, आय-व्यय प्रवाह तालिकाको क्र.सं. ४४० मा प्रतिवादी राम कुमार श्रेष्ठको प्रवुद्ध बचत तथा ऋण सहकारी संस्थाको खाताको स्टेटमेन्ट अनुसार संजय श्रेष्ठलाई रु. १९,६०,०००।– र प्रतिवादी सरस्वती श्रेष्ठको प्रवुद्ध बचत तथा ऋण सहकारी संस्थाको खाताको स्टेटमेन्ट अनुसार संजय श्रेष्ठलाई रु. ५,३०,०००।– दिएको देखिन्छ। आय-व्यय प्रवाह तालिकाको क्र.सं. ४४० मा ज्वाई संजय श्रेष्ठलाई | तथा पुनरावेदन जिकिर बमोजिम सजाय गरी सम्पत्ति जफत गरी पाउन मागदाबी लिइएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | दिएको रु. १९,६०,०००।– र तालिकाको क्र.सं. ४४८ मा सोही मिति २०७१/०३/१८ मा छोरी रश्मी श्रेष्ठलाई रु. १९,६०,०००।– दिएको भनी गणना गरेको देखिँदा दोहोरो गणना गरिएको रु. १९,६०,०००।– घटाइएको।<br>▪यसरी, वादीले दोहोरो गणना गरेको रु. २४,१०,०००।– प्रतिवादीको व्ययबाट घटाउँदा यस शीर्षकमा जम्मा रु. २,१८,२३,६२५।– हुने देखिएको।<br>**(ग)अन्य व्यक्तिहरुलाई सापटी दिएको रकमः**<br>▪यस शीर्षकमा आयोगबाट जम्मा रु. १,७९,८०,०००।– कायम गरिएकोमा प्रतिवादीले त्यसतर्फको वास्तविक व्यय जम्मा रु. १,३८,१०,३००।– रहेकोले अधिक गणना गरेको रु. ४१,६९,७००।– घटनुपर्ने भनी जिकिर गरेको देखिन्छ। यस सम्बन्धमा, मिति २०६७/०६/१३ मा प्रतिवादी सरस्वती श्रेष्ठले दृष्टिबन्धकी लिखत पारित गरी अनिता अमात्यलाई रु. ७५,००,०००।– दिएको सोही लिखतबाट देखिएको भनी आय-व्यय प्रवाह तालिकाको क्र.सं. ३५४ मा उल्लेख गरेको देखिएकोमा सोही रकम मध्ये प्रतिवादी राम कुमार श्रेष्ठले Standard Chartered Bank को खाताबाट मिति २०६७/०६/१४ मा निजका पति किशोरेन्द्र अमात्यलाई दिएको रु. ८,००,०००।– रकम उक्त तालिकाको क्र.सं. ३५५ मा गणना गरेको देखिँदा दोहोरो गणना गरिएको रु. ८,००,०००।– व्ययबाट घटाइएको।<br>▪त्यसैगरी, आय-व्यय प्रवाह तालिकाको क्र.सं. ३५८ मा प्रतिवादी सरस्वती श्रेष्ठले शंकरमान श्रेष्ठलाई मिति २०६७/१२/१० मा दिएको रु. २,५०,०००।– पुनः उक्त तालिकाको क्र.सं. ३६६ मा गणना गरेको देखिँदा दोहोरो गणना गरिएको रु. २,५०,०००।– प्रतिवादीको व्ययबाट घटाइएको।<br>▪यसरी, किशोरेन्द्र अमात्य र शंकरमान श्रेष्ठलाई दिएको दोहोरो गणना गरिएको रकम रु. १०,५०,०००।– व्ययबाट घटाउँदा यस शीर्षकमा प्रतिवादीको व्यय जम्मा रु. १,६९,३०,०००।– मात्र हुने देखिएको।<br>**(घ)सुन चाँदी खरिद खर्चः** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | यस शीर्षकमा आयोगबाट रु. ११,३४,०००।– कायम गरी गणना गरिएकोमा प्रतिवादीले निजको वास्तविक खर्च रु. ८,२६,०००।– मात्र रहेकोले अधिक गणना गरिएको रु. ३,०८,०००।– घट्नुपर्ने भनी जिकिर गरेको देखिन्छ। यस सम्बन्धमा, आयोगले आय-व्यय प्रवाह तालिकाको क.सं. २६१ मा छोरा सरोज श्रेष्ठको विवाहमा ७ तोला सुन र चाँदी खरिद गरेको भनी व्यय रु. ३,०८,०००।–गणना गरेकोमा सोको बिल भरपाई पेस गर्न नसकेकोले मनोमानी गणना गरेको देखिँदा सो व्यय घटाउँदा प्रतिवादीको सुन चाँदी खरिद खर्च रु. ८,२६,०००।– मात्र हुने देखिएको।<br>(ङ)प्रतिवादी राम कुमार श्रेष्ठको जाँच अवधिको व्यय सम्बन्धमा आयोगबाट **जग्गा खरिद गर्दाको रजिष्ट्रेशन दस्तुर** रु. ६,९२,१२१।–; **पूँजीगत लाभकर** रु. ४,४६,८८५।–; **शिक्षा खर्च** रु. २,८७,०००।–; **सहयोग खर्च** रु. ५०,०००।–; **जग्गा बैना वापत दिएको रकम** रु. १०,००,०००।–; **सवारी साधन खरिद** रु. २६,२७,०००।–; **LIC India, ALIC र राष्ट्रिय बीमा संस्थानमा प्रिमियम वापत तिरेको खर्च** रु. ३७,४५,३३१।४०; **चितवन कबिलास स्थित सार्थक कंक्रिट उद्योगलाई जग्गा बिक्री गर्दा सम्झौता बमोजिमको पुल पुलेसा, पर्खाल समेतको निर्माण खर्च** रु. १६,२९,७२९।–; **छोरा सरोज श्रेष्ठ अमेरिका जाँदाको खर्च** रु. २,५०,०००।–; **गाडी चालकलाई दिएको तलब भुक्तानी** रु. १,३३,०००।–; **घरमा राखेको कामदारको खर्च** रु. ८७,०००।– र **पि.ए. लाई दिएको तलब भत्ता** रु. १,७८,०००।– कायम गरिएकोमा प्रतिवादीले विवाद गरेको नदेखिँदा वादी दावी कै व्यय गणना कायम हुने देखिएको।<br>(च)प्रतिवादी राम कुमार श्रेष्ठको अन्यथा जिकिर रहेकोमा आयोगको दावी बमोजिम नै **जग्गा खरिद** रु. ३,३०,७४,४००।–; **प्रतिवादी राम कुमार श्रेष्ठ समेतको नाममा शेयर खरिद** रु. ५४,२०,५८८।–; **व्यवसायमा लगानी रकम** रु. ५५,६०,०००।–; **विवाहमा गरेको खर्च** रु. ६,३४,०००।–; **नेपाल राष्ट्र बैंकको मिति २०७३/०४/०५ अनुसारको** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **डलर सटही खर्च** रु. १२,७०,७५७।– र **प्रतिवादी राम कुमार श्रेष्ठ समेतको नाममा रहेको बैंक खाताहरुको मौज्दात रकम** रु. १,०१,०४,३७६।– प्रतिवादीको व्ययमा कायम हुने गरी सम्मानित विशेष अदालतबाट फैसला भएको देखिएको।<br>**(छ)**आयोगको दावी बमोजिम नै **सवारी साधन कर** रु. २,१४,९३०।–; **विद्युत महशुल वापत तिरेको रकम** रु. १,७१,६७५।९३; **विदेश भ्रमण निजी खर्च** रु. ५,९८,९००।– र **डलर सटही शुल्क** रु. २,२६,७००।– प्रतिवादीको व्ययमा कायम हुने गरी सम्मानित विशेष अदालतबाट फैसला भएको देखिएको। | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | काशी प्रसाद गुप्ता, मिता गुप्ता, अञ्जु कुमारी महतो, उदित नारायण प्रसाद रौनियार, चन्देश्वर महतो, धिरज कुमार गुप्ता, प्रिति कुमारी गुप्ता, डा. रचना प्रसाद शाहा, विकास प्रसाद गुप्ता, विनय कुमार सिंह, विभा रानी, संगिता | गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट प्रतिवादी काशी प्रसाद गुप्ताले सार्वजनिक पद धारण गरेको मिति २०३८/०९/१२ गतेदेखि मिति २०७७/०९/२९ गतेसम्मको जाँच अवधिमा आर्जन गरेको वैध आय **रु. १,११,६९,९६२।६३ (अक्षेरेपि एक करोड एघार लाख उनान्सत्तरी हजार नौ सय बैसाठ्ठी र पैसा त्रिसाठ्ठी मात्र)** को तुलनामा सोही अवधिमा निजले **रु. १७,८४,२६,४५९।४९** | **फैसलाः** आंशिक वादी दावी पुग्ने।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u>**<br>**<u>आयतर्फः</u>**<br>**(झ) स्थानीय दुर्गम भत्ताः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. ३,०१,४३०।२५ गणना गरिएकोमा प्रतिवादी काशी प्रसाद गुप्ताले निजले प्राप्त गरेको भत्ता रु. १,६०,४४,०००।— रहेको भनी जिकिर गरेको। यस सम्बन्धमा, आरोपपत्रको पृष्ठ ६ मा प्रतिवादीले खोटाङ्ग र भोजपुरमा कार्यरत रहँदा प्राप्त गरेको स्थानीय दुर्गम भत्ता रु. ३,२४,१३०।२५ प्राप्त गरेको उल्लेख गरेकोमा सोही आय कायम हुने देखिएको।<br>**(ञ) जग्गा बिक्रीः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जम्मा रु. १५,०००।— कायम गरिएकोमा प्रतिवादीले निजको सो आय जम्मा रु. ३,७७,६५,९७५।— हुनुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, आरोपपत्रको पृ. ९-१० मा प्रतिवादीले बिक्री गरेको घर/जग्गाको विवरण सहित कूल आय जम्मा रु. ३६,११,३७५।— कायम गरी गणना गरेकोमा तत् तत् जग्गा खरिद गर्दा आय स्रोतले नखामेको | **प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट देहाय बमोजिम आय र व्ययका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेकोः**<br>**(क) आयतर्फः**<br>**(ऋ) जग्गा बिक्रीः**<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी काशी प्रसाद गुप्ताको सम्पत्तिको जाँच अवधि आय र व्ययको आधारमा आय व्ययको प्रवाह विवरण (Cash Flow) तयार गर्ने क्रममा निज प्रतिवादीको आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएकोमा र निजले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेकोमा सोही बिन्दुसम्म एक जाँच अवधि कायम गरी आय व्ययको प्रवाह विवरण (Cash Flow) विभिन्न ११ खण्डमा वर्गीकरण गरी ११ वटा जाँच अवधि कायम गरिएको हो[५] र उक्त जाँच अवधिको अन्य कुनै मापदण्ड नरहेको, आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको र त्यस्तो बढी हुन गएको रकमको स्रोत पुष्टि हुन नसकेको अवस्थामा जाँच अवधि कायम गर्ने गरिएको। प्रस्तुत मुद्दामा आरोपपत्रमा संलग्न गरिएको पृष्ठ १ देखि पृष्ठ २३ सम्म ११ वटा खण्डमा वर्गीकरण गरी ११ वटा जाँच अवधि कायम गरी प्रतिवादी काशी प्रसाद गुप्ताको वैद्य आय तथा आर्जन, व्यय/खर्च तथा लगानी र वैद्य आय बचत सम्बन्धमा विश्लेषण र मूल्याङ्कन गरी निज प्रतिवादीको सम्पत्तिको वैधता परीक्षण तथा अनुसन्धान गरी आय र व्ययको तुलनात्मक विवरण सहित स्पष्ट र किटानी मागदावी लिई निज प्रतिवादीको आय व्ययको प्रवाह विवरण (Cash Flow) उल्लेख भएको आरोपपत्र पेस भएको।<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी काशी प्रसाद गुप्ताको आय व्ययको मूल्याङ्कन गर्ने क्रममा प्रतिवादी काशी प्रसाद गुप्ताले विभिन्न जग्गाहरु खरिद गर्दा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात |

[५] गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ को दफा १०(३)(ड)

<table>
<tr>
<td></td>
<td>साह रौनियार र सन्तोष कुमार गुप्ता (विशेष अदालतको मुद्दा नं. ०७७-CR-००१९ र फैसला मिति २०८०/०९/१७)</td>
<td></td>
<td>(अक्षरेपि सत्र करोड चौरासी लाख छब्बीस हजार चार सय उनान्साठी र पैसा उनान्चास मात्र) लगानी तथा खर्च (व्यय) गरेको देखिँदा निजको आयभन्दा बढी खर्च गरेको रकम रु. १६,७२,५६,४९६।८६ (अक्षरेपि सोह्र करोड बहत्तर लाख छपन्न हजार चार सय छयानब्बे र पैसा छयासी मात्र) बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा प्रतिवादी काशी प्रसाद गुप्ताले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले बिगो रु. १६,७२,५६,४९६।८६ (अक्षरेपि सोह्र करोड बहत्तर लाख छपन्न हजार</td>
<td>हदसम्म सो जग्गाको बिक्री आय घटाएको। कुन सम्पत्ति वैध हो र कुन होइन भन्ने कुरा समग्र आय र सम्पत्तिको विश्लेषण पश्चात मात्र यकिन हुने विषय भएको र वादीले अनुसन्धानको क्रममा नै अवैध ठह-याउन मिल्ने विषय हुन नसक्ने भएकोले वादीको सो हदसम्मको गणना मिलेको नदेखिँदा प्रतिवादीको जग्गा बिक्री तर्फको आय जम्मा रु. ३६,११,३७५।— कायम हुने देखिएको।<br>(ट) ट्याक्सीबाट प्राप्त आयः<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादीले ट्याक्सी बहालमा लगाई जम्मा रु. २०,७७,९९२।— आम्दानी कायम गरिएकोमा प्रतिवादीले सो आय जम्मा रु. ८१,६०,०००।— रहेको भनी जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादीको आय समग्रमा गणना गरिने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा वादीले बा. १ ज ५३८७ नम्बरको ट्याक्सी खरिद गर्दा खर्च गरेको रकमको ७४.४८% स्रोत खुलेको हदसम्म मात्र आम्दानी गणना गरेको सो हदसम्म मिलेको नदेखिँदा ट्याक्सीको आय समग्रमा गणना गर्दा आ.व. २०६२/०६३ देखि आ.व. २०७१/०७२ सम्मको १० वर्ष ६ महिनाको आम्दानी रु. ३१,५०,०००।— हुनेमा सोमा कर कट्टी गर्दा जम्मा रु. २८,३७,९९२।— गणना हुने देखिएको।<br>(ठ) ट्याक्सी बिक्रीबाट प्राप्त आयः<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. ८,५६,५२०।— गणना गरिएकोमा प्रतिवादीले मिति २०७१/०३/१० मा रामभक्त श्रेष्ठलाई बा. १ ज ५३८७ नम्बरको ट्याक्सी रु. ११,५०,०००।— मा बिक्री गरेको स्वीकार गरेको नै देखिँदा र ट्याक्सी खरिद गर्दा ७४.४८% स्रोत मात्र खुलेको</td>
<td>आयले खामे/नखामेको विषय सोही बखत हेरिने तथा मूल्याङ्कन गरिने विषय भएको। अघिल्लो अवधिमा आर्जन गरेको गैरकानुनी सम्पत्तिलाई पछिल्लो अवधिमा आर्जित वैद्य सम्पत्तिले परिपूरण गर्न सकिने तर्क आफैमा तार्किक र कानुन संगत नदेखिएको। सम्मानित विशेष अदालतबाट लिइएको आधार बमोजिम यो विषयमा प्रतिवादीको आय र व्ययको समग्रतामा हेर्ने हो भने जग्गाहरु खरिद गर्दा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषयले परीक्षणको क्रममा स्थान नै नपाउने हुँदा यो विषयको औचित्य नै समाप्त भई गैरकानुनी रुपमा बढेबढाएको सम्पत्तिले वैद्यता पाउने र White Collar Crime को रुपमा परिभाषित गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को मकसद विपरीत हुन जाने देखिएको।
<ul>
